# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

## लुम्बिनी प्रदेशिक कार्यालय

### लिलाम बिक्री सम्बन्धि सूचना

प्रकाशित मिति २०८१/१२/१३

**यस प्रादेशिक कार्यालय मातहत रहेको बुटवल गोदाममा रहेको पुरानो काठका १० थान झ्याल/ढोकाहरुका चौकस र ढलेको सिसौको रुख १ थानको एकमुष्ठ न्युनतम दर रकम रु २१,५००।-को लिलाम बिक्री गर्नु पर्ने भएकोले उक्त काठ जे-जस्तो अवस्थामा छ सोही अवस्थमा लिलाम बिक्री बढाबढ प्रकृयामा भाग लिन ईच्छुक व्यक्ति, फर्म, संस्था सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।**

१) सूचना प्रकाशन भएको मितिले ७ दिन अर्थात मिति २०८१।१२।१९ गते भित्र लिलाम बिक्री सम्बन्धि दरभाउपत्र कागजात रु१,०००/- दस्तुर तिरी कार्यालय समय भित्र खरिद गर्न सकिने छ र सोही फाराम भरी मिति २०८१।१२।२० गते दिउँसो १२:००बजे भित्र दर्ता गर्नु पर्ने छ साथै सोही दिन दिउँसो २:०० बजे प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा लिलाम बढाबढ कार्य गरिने छ ।

२) लिलाममा भाग लिने व्यक्तिले कबोल गरेको अंकले हुने रकमको ५% रकम कम्पनीमा नगद धरौटी जम्मा गर्नु पर्ने छ। उक्त धरौटी रकम लिलाम स्वीकृत भई सामान उठाउदा कट्टा गरी बाँकी रकम मात्र भुक्तानी गरी सामान उठाउन सकिनेछ ।

३) लिलाम स्वीकृत भएको ५ (पाँच) दिन भित्र सामान उठाइ लग्नु पर्नेछ ।अन्यथा धरौटी वापत राखेको रकम जफत गरी कम्पनीले बैकल्पीक व्यवस्था गर्नेछ ।

४) लिलाम गर्ने सामानको अवस्था हेर्न चाहेमा बुटवल गोदाममा गई हेर्न सकिनेछ ।

५) नियमानुसारको तिर्नुपर्ने कर लिलाम सकार गर्ने व्यक्ति वा संस्था स्वयमले तिर्नु पर्नेछ।

६) लिलाम बढाबढ गर्दा न्युनतम दररेट निर्धारण भएको दर भन्दा माथि कबोल गर्दै जानुपर्नेछ ।

७) यस कार्यमा कुनै विवाद उत्पन्न भएमा सोको निरुपण गर्ने अन्तिम अधिकार यस कम्पनिको संचालक समितिमा रहनेछ ।

८) लिलाम स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कम्पनीमा निहित रहनेछ ।

९) लिलाम बिक्री हुने सामानको विस्तृत जानकारी कम्पनीको सूचना पाटिमा हेर्न सकिनेछ, साथै यस सम्बन्धमा अन्य कुराहरु बुझ्न परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

**प्रादेशिक कार्यालय भैरहवा ,फोन नं. ०७१-५७०११८,bhairahawa@fmtc.org.np**